तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५ नं प्रदेश, नेपाल
**कार्यपालिका वैठक संख्या १३/०७६/०७७ (७८) मितिः २०७६।१०।२२ गते ।**

प्रस्तावहरु :

१) तिलोत्तमा नगरपालिकाको **"फोहरमैला व्यवस्थापन तथा प्लाष्टिकका झोला, गिलास, प्लेट निषेध कार्यविधि, २०७५"** संशोधन सम्बन्धमा ।
२) योजना संशोधन, कार्यान्वयन प्रक्रिया, म्याद थप आदि सम्बन्धमा ।
३) प्रदेश स्थापना दिवस सम्बन्धमा ।
४) टोल विकास संस्था संचालनका लागि उपलब्ध गराइने अनुदान खर्च कार्यविधि, २०७५ संशोधन तथा बजेट वितरण सम्बन्धमा ।
५) सानिसा नियमावली/लेखाजोखा समिति गठन सम्बन्धमा ।
६) फोहरमैला व्यवस्थापनमा टोल विकास समितिलाई परिचालन सम्बन्धमा ।
७) जनप्रतिनिधिलाई तालिम सम्बन्धमा ।
८) **"बाल समूह गठन तथा सहजीकरण निर्देशिका, २०७६"** सम्बन्धमा ।
९) सहकारी संस्थाहरु एकीकरण (मर्जर) सम्बन्धमा ।
१०) नगर प्रहरी पदपूर्ति सम्बन्धमा ।
११) जग्गा उपयोगिता तथा विश्लेषण प्राविधिक समितिको निर्णय सम्बन्धमा ।
१२) वडा स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति गठन सम्बन्धमा।
१३) राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सम्बन्धमा ।
१४) भुवन गुरु फाउण्डेशन नेपाल सम्बन्धमा ।
१५) Smart AAC ब्लक उद्योग संचालन गर्न जग्गा व्यवस्थापन गर्ने सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं.-१

- यस नगरपालिकाको फोहरमैला व्यवस्थापन तथा प्लाष्टिकका झोला, गिलास, प्लेट निषेध कार्यविधि २०७५" खारेज गरी सो को सट्टामा यो नगरपालिकालाई शून्य पोलिथिन नगर एवम् पूर्ण सरसफाईयुक्त नगर घोषणा गर्न लागिएको परिप्रेक्षमा यस जिल्लाको D-WASH CC ले यस अघि स्वीकृत गरेका सूचकहरु पूर्ण सरसफाईयुक्त घरमा टाँस गरिने स्टिकरको नमूना समेत समावेश गरी विज्ञद्वारा तयार पारिएको "शून्य पोलिथिन तथा पूर्ण सरसफाईयुक्त नगरपालिका अभियान कार्यान्वयन कार्यविधि, २०७६" लाई सामान्य परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

वासुदेव घिमिरे

निर्णय नं.-२

क) चालु आ.व.मा हालसम्म वडाहरुमा कार्यान्वयन हुन नसकी वडाहरुबाट संशोधनका लागि पेश हुन आएका उस्तै प्रकृतिका देहायका योजनाहरुलाई लागत सहभागिता नघट्ने गरी देहाय बमोजिम संशोधन गर्ने ।

| .नं. | विनियोजित योजना | शिर्षक नं. | विनियोजित रकम | संशोधित योजना | वडा नं. | संशोधित रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | कल्भर्ट निर्माण | ३०१०कल्भर्ट१ | ४००००० | शान्तिमार्ग कल्भर्ट थप | १ | १००००० | |
| | | | | कृष्णमार्ग (हाटबजार) कल्भर्ट निर्माण | १ | १००००० | |
| | | | | दुधडेरी मार्ग कल्भर्ट थप | १ | ५०००० | |
| | | | | सुरक्षा मार्ग कल्भर्ट थप | १ | ५०००० | |
| | | | | ऋषिकेश पथ कल्भर्ट तथा नाली निर्माण | १ | १००००० | |
| २ | आकस्मिक पुर्वाधार | ३०१० सडक मर्मत ३ वडा | १०००००० | बस्नेत मार्ग | १ | २००००० | |
| | | | | बाग्लुङ्ग कालीका पथ नाली निर्माण | १ | १००००० | |
| | | | | सगरमाथापथ सडक ग्राभेल | १ | ३०००० | |
| | | | | गौतमबुद्ध मार्ग शाखा पथ कालोपत्रे | १ | १००००० | |
| ३ | देवीस्थान सडक मर्मत | नगर सभाबाट पूरक बजेट | ३०००००० | देवीस्थान बानिया मार्ग सम्म | १ | १०००००० | |
| | | | | तेजेन्द्रमार्ग हुँदै रङ्गशाला पथ | १ | १०००००० | |
| | | | | प्रगति पथ | १ | ५००००० | |
| | | | | प्यारामाउण्ट पथ | १ | ५००००० | |
| ४ | रिटेनिङ्गवाल निर्माण | ३०२० सिचाइ ३ वडा | ५००००० | शान्तिमार्ग | १ | १५०००० | |

माधव प्रसाद [illegible]
प्रमुख प्रशासकीय अधिकृत



वासुदेव घिमिरे
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | वडास्तर | | | न्यूलाइट रिटेनिङ्ग वाल क्रमशः | १ | १००००० | |
| | | | | आरती चोक | १ | १००००० | |
| | | | | प्यारामाउण्ट पथ रिटेनिङ्गपथ क्रमशः | १ | १५०००० | |
| [illegible] | मोती सापकोटाको घर जाने बाटोमा रिटेनिङ्गवाल | ३०२०१६ वडा ,११५ पेज | २००००० | वडा कार्यालय भवन मर्मत | २ | ४५०००० | |
| [illegible] | फोहोरमैला व्यवस्थापन तथा वडामा माली | ४०४०१३ वडा ,१३० पेज | २५०००० | | | | |
| [illegible] | भद्रभुमिपथ सडक मर्मत | ३०१०१६ वडा | २००००० | शिवालय पथ | २ | १००००० | |
| | | | | नया बस्तीको पूर्व कमला घिमिरेको लाइन | | १००००० | |
| [illegible] | हाटबजार लाइन कालोपत्रे | ३०१०१३९ वडा | ७००००० | राना पथ कालोपत्रे | ४ | ७००००० | |
| [illegible] | ड्राइभरटोल, भक्तपुर, विष्णुपुर अधूरो जि.सी पथ कालोपत्रे | ३०१०१२५ नगर | १२००००० | कृष्ण जि.सी. पथ कालोपत्रे | ४ | ६००००० | |
| | | | | कृष्ण जि.सी. पथ कालोपत्रे क | ४ | ६००००० | |
| [illegible] | डिङ्गर पथ कल्भर्ट कालोपत्रे | ३०१०१४६ वडा | २५०००० | थान प्रसादको घरदेखि उत्तर जाने बाटो कालोपत्रे | ४ | २५०००० | |
| [illegible] | मणिग्राम बोरिङ्ग भवन निर्माण तथा | २०३०१४ नगर | ७००००० | नन्दनपथ कुलोको रिटेनिङ्ग वाल तथा ढक्कन निर्माण | ५ | ३००००० | |

माधव
प्रमुख प्रशासकीय



वासुदेव घिमिरे
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | शौचालय व्यवस्थापन | | | चौधरी पथ सडक मर्मत | ५ | ४००००० | |
| २ | शाह पेट्रोल पम्पबाट पश्चिम जाने सडक पूर्वाधार निर्माण | ३०१।३० नगर पेज ४३ | ५००००० | शाह पेट्रोल पम्पबाट पश्चिम जाने सडक पूर्वाधार निर्माण | ५ | ५००००० | सडक मर्मत तथा स्तरोन्नती शिर्षकमा हुनुपर्नेमा भूलबस कालोपत्रे शिर्षकमा भएको |
| ३ | शान्ति स्कुल देखि दक्षिण उमा राइ पथ कालोपत्रे | ३०१।३४ नगर | ५००००० | सिर्जना पथ कालोपत्रे | ५ | ५००००० | नाम भूलबस परिवर्तन भएको हुदा |
| ४ | गुल्मेलीमार्ग सिचाई बोरिङ्ग सम्म जाने सडक मर्मत | ३०१।३१ वडा | ३००००० | पश्चिम पहुनी चोकदेखि उत्तरतर्फ रहेको अधुरो नाली निर्माण | ६ | ३००००० | |
| ५ | आवास टोलमा कल्भर्ट निर्माण | ३०१।१७ नगर | ३००००० | समावसी टोल कालोपत्रे | ७ | ३००००० | |
| ६ | आदिवासी जनजातिलाई कागजको झोला र टपरी बनाउने तालिम | २०६०।२५ वडा | १७०००० | आदिवासी जनजाति तथा अन्य महिलालाई मन्टेन्स्वरी तालिम | ७ | १७०००० | |
| ७ | देवदह मार्गदेखि दक्षिण नमुना टोल कालोपत्रे | ३०१।६५ वडा | ५००००० | सुस्पुरा विन्दबासीनी मार्ग कालोपत्रे | ८ | ५००००० | |
| ८ | ट्रान्सफर्मर खरिद | ३०४०।५ नगर पेज ६४ | ५००००० | बिद्युत लाइन निर्माण | ८ | ५००००० | |



वासुदेव घिमिरे
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | जीवन साइकलदेखि उत्तर प्रगती चोक जाने बाटो मर्मत | ३०१०१३६ वडा | ५००००० | ४ नं.कुलापानी सभाहल निर्माण | ८ | ५००००० | |
| ० | आवश्यकताको आधारमा कल्भर्ट निर्माण | ३०१०१८ वडा | ३४०००० | वडाका मुख्य मुख्य सडकका चोकहरुमा CCTV जडान | ९ | ७४०००० | |
| १ | बिद्युत पोल र तार | ३०४०१७ वडा | ४००००० | | | | |
| २ | डाँफेपथ कालोपत्रे | ३०१०१७५ वडा | ५००००० | नमुना बस्ती क | ९ | ५००००० | लागत सहभागिता जूटन नसकेको कारण |
| ३ | रोहिणी र सुखौरा खोला नदी नियन्त्रण | ४०५०१२ नगर पेज ६८ | १५००००० | सुखौरा गणेशनगर | ११ | ३००००० | यसै शिर्षकबाट सुखौरा खोला बाध निर्माण का लागि १२०,०००। को कार्य सम्पन्न भइ भुक्तानी समेत लगिसकेको छ। |
| | | | | सुखौरा भू.पू.सैनिक ५ | ११ | ३००००० | |
| | | | | सुखौरा भू.पू.सैनिक ३ | ११ | २५०००० | |
| | | | | सुखौरा भू.पू.सैनिक १ | ११ | २५०००० | |
| | | | | सुखौरा भू.पू.सैनिक २ | ११ | २५०००० | |
| | | | | सुखौरा भू.पू.सैनिक ६ | ११ | १५०००० | |
| ४ | वडास्तरीय विद्युत पोल व्यवस्थापन | ३०४०१८ वडा | ७००००० | वडास्तरीय बिद्युत पोल एवं विद्युत तार विस्तार | ११ | ७००००० | |
| ५ | नदीजन्य पदार्थ प्रभावित क्षेत्र थप अनुदान | ३०१० ख २२ | १५००००० | भुल्का बाटो मर्मत सम्भार तथा स्तर उन्नती | ११ | १०००००० | |
| | | | | मद्राहानी सामुदायीक भवन | ११ | ३००००० | |
| | | | | ढाकेबास फिल्ड सम्याउनका लागि | ११ | २००००० | |

माधव ...
प्रमुख प्रशा...

वासुदेव ...
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २६ | बुधवारे चोकदेखि मैनहवा कुलोसम्म सडक कालोपत्रे | ३०१०।८९ वडा | ४००००० | बिजयनगर गाउमा नाली निर्माण | १२ | ४००००० | ६०:४० को योजना हूनाले लागत सहभागिता हूनूपर्ने |
| ७ | झगडिया कुलो कल्भर्ट निर्माण | ३०१० ग १४ नगर पेज ५४ | ४००००० | झगडिया कुलो कल्भर्ट निर्माण | १२ | ३००००० | |
| | | | | प्रगतीनगर ख को पश्चिम दक्षिण जमुहानी कुलोतिर जाने बाटोमा वाल निर्माण | १२ | १००००० | |
| ८ | भेटनरी कार्यालय पुर्वाधार तथा व्यवस्थापन | १०१०।१६ नगर पेज २० | २०००००० | सखिया थारु होमस्टे | १३ | २०००००० | |
| ९ | खैरहवा वाध निर्माण | ३०२०।११ नगर | १५०००० | खैरहवा कल्भर्ट निर्माण | १३ | १५०००० | |
| ३० | दुर्गा मन्दिर विहार ह्युमपाइप २ थान | २०३०।५ वडा | २००००० | थारु महिलाको लागि ड्युहार २ थान ह्युमपाइप २ थान | १३ | २००००० | |
| ३१ | जवराटोल देखि देवीनगर सडक मर्मत | ३०१०।३१ नगर | १५००००० | तिनधुरा बोहरा मिल सडक बिस्तार | १४ | ९००००० | |
| | | | | टिकुलीगढ गाउभित्र अधुरो सडक पिच निर्माण | १४ | ३००००० | |
| | | | | टिकुलीगढ स्कुल डाडा दुर्गानगर सडक विस्तार | १४ | ३००००० | |
| ३२ | रामपुरदेखि उत्तर जाने सडक कालोपत्रे | ३०१०।६९ नगर | १०००००० | पर्सहीया सडक कालोपत्रे | १६ | १०००००० | |
| ३३ | बिहुली गाउभित्र | ३०१०।७० नगर | ६००००० | बिहुली भित्री सडक भुइ ढलान | १६ | ६००००० | |

माधव प्रसा[illegible]
प्रमुख प्रशासकीय [illegible]



वासुदेव घिमिरे
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सडक कालोपत्रे | | | | | | |
| ३४ | शिवमार्गको भित्री सडकको भुइ ढलान | ३०१०१०८ वडा | ५०००० | बुद्धचोक दक्षिण सडक कालोपत्रे | १६ | ५०००० | |
| ३५ | पश्चिम वोहिया नाली निर्माण | ३०२०१५५ वडा | ३००००० | बिहुली भित्री सडक भुइ ढलान | १६ | ५०००० | |
| | | | | मैरहवा सिचाइ ढाड निर्माण | १६ | ५०००० | |
| | | | | सीतापुर नाली निर्माण | १६ | २००००० | |
| ३६ | कृषि सडक नाली निर्माण | ३०२०१५६ वडा | ७००००० | चम्कीपुर सडक वाल निर्माण | १६ | ५००००० | |
| | | | | बुद्धचोक दक्षिण सडक कालोपत्रे | १६ | २००००० | |
| ३७ | कृषि सडक मार्ग पश्चिम नाली निर्माण | ३०२०१५७ वडा | ३००००० | बुद्धचोक दक्षिण सडक कालोपत्रे | १६ | ३००००० | |
| ३८ | निर्माणधिन वडा कार्यालयमा माटो पटान तथा सडक कालोपत्रे | ३०१०१६८ नगर | ५००००० | वडा भवन परिसरमा वाउन्डरी र माटो पटान | १६ | ५००००० | |
| ३९ | स्वास्थ्य चौकीदेखि पशुपति कलेजसम्म कालोपत्रे निर्माण | ३०१०१६६ नगर | १३००००० | स्वास्थ्य चौकीदेखि पशुपति कलेजसम्म कालोपत्रे निर्माण | १६ | १०००००० | |
| | | | | बुद्धचोक दक्षिण सडक कालोपत्रे | १६ | ३००००० | |
| ४० | अमरहवा नयाँटोल भित्र आर सि सि ढलान | ३०१०११२ वडा | ४००००० | भरौलिया थारु गउभित्र सडक कालोपत्रे | १७ | ४००००० | |

माधव

वासुदेव घिमिरे
नगर प्रमुख

ख) सम्बन्धित वडाहरुबाट सिफारिस भई आएका देहायका योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न स्वीकृती दिई कार्यदेश दिने निर्णय गरियो ।

| सि.नं. | विनियोजित योजना | शिर्षक नं. | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | करहीया मक्रहर खानेपानी तथा सरसफाई संस्था पुर्वाधार निर्माण | २०३०।२ नगर पेज ३१ | २०००००० | समिती मार्फत काम गर्न माग (१५००००० र ५००००० गरी) |
| | तिलोत्तमा ८ मा खानेपानी पाइप बिस्तार | २०३०।१ वडा पेज ८१ | | |
| २ | १६ मौजा नहर निर्माण तथा दुवै तर्फ सडक निर्माण | ३०२०।१ नगर पेज ५७ | १५००००० | उपभोक्ता समिती मार्फत काम गर्न माग |
| ३ | ३६ मौजा नहर निर्माण | ३०२०।२ नगर पेज ५७ | १५००००० | उपभोक्ता समिती मार्फत काम गर्न माग |
| ४ | १६।३६ नहरहरु लगायत अन्य नहरहरु सरसफाई कार्यक्रम | ३०२०।३ नगर पेज ५७ | १०००००० | उपभोक्ता समिती मार्फत काम गर्न माग |
| ५ | अतिथि गृह फिलिङ, पार्किङ्ग, बाउन्ड्रीवाल तथा गेट निर्माण | ३०३०।८ नगर पेज ६१ | ६०००००० | उपभोक्ता समिती मार्फत गराउने |
| ६ | शिवपुर मा.वि. | २०१०।१ नगर | १२००००० | ठेक्का नभइ उ स मार्फत गर्न माग |
| ६ | बरपिपल पथ स्तरोन्नती | ३०१० ख ६ नगर पेज४९ र पूरक बजेट शिर्षक नं.३९ | ८००००० र ८००००० जम्मा १६००००० | उपभोक्ता समिती मार्फत गराउने |

ग) मुख्य प्रशासनिक भवनको Verification order स्वीकृत गर्ने साथै, उक्त भवनको परिसरका थप संरचनाको निर्माणका लागि कबोल अंक नबढ्ने गरी सिनर्जी बिल्डर्स प्रा.लि. काठमाडौंलाई कार्यदेश दिने निर्णय गरियो ।निर्माण कम्पनीसँग कार्य सम्पन्नको क्रममा तोकिए अनुसारको मापदण्ड र गुणस्तरमा कमि हुने कुनै प्रकारको सम्झौता गरिनेछैन ।

घ) आ.व. २०७४/०७५ मा ठेक्का मार्फत काम संचालनमा रहेका देहायका योजनाहरु विभिन्न कारणले तोकिएको समयमा सम्पन्न गर्न नसकी थप ३ महिनाका लागि म्याद थप गर्न निर्माण व्यवसायीहरुले निवेदन पेश गरेकोमा सोही अनुसार म्याद थप गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | ठेक्का नम्बर | म्याद थप अवधि | निर्माण व्यवसायी |
|---|---|---|---|---|
| १ | अतिथि गृह भवन निर्माण | ३२।०७४।०७५ | २०७६ पौष मसान्त देखि चैत्र मसान्त सम्म | ब्राईट क्षितिज श्रीखण्डपुर जे.भी. |
| २ | सभा हल निमार्ण | ३३।०७४।०७५ | २०७६ पौष मसान्त देखि चैत्र मसान्त सम्म | ब्राईट ज्ञानज्योती श्रीखण्डपुर जे.भी. |

ङ) वडा कार्यालयबाट प्राप्त सिफारिस अनुसार वडा नं.६ को गोदाम घर निर्माणका लागि अघिल्लो वर्षको भुक्तानी बाँकी शीर्षकमा विनियोजित रु. ७९ लाख मध्येबाट रु.५ लाख खर्च गर्ने निर्णय गरियो ।

च) तिलोत्तमा नगरपालिका, वडा नं.-८ स्थित तिलोत्तमा गौशालामा पराल तथा दाना खरिदको लागि आ.व. ०७६/०७७ को मर्मत सम्भार विशेष कोषबाट रु.५ लाख विनियोजन गर्ने निर्णय गरियो ।

छ) अन्तर सरकारी वित्तिय हस्तान्तरण (स्थानीय तह) आ.व. ०७६/०७७ शी.नं. (३१२०११०६) मा कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम ११.४.१५.१६० सिचाइको लागि डिप टयुवेल निर्माणमा रु. ३० लाख विनियोजन भएको हुदाँ उक्त रकम तिलोत्तमा वडा नं.-५ को सिचाइ पूर्वाधारमा खर्च गर्ने निर्णय गरियो ।

ज) आ.व. २०७६/०७७ को नगरस्तरीय योजना तथा कार्यक्रमहरु संकेत नं. १०१० (९) को हाटबजार व्यवस्थापन तथा पूर्वाधार शीर्षकमा विनियोजित रु.७५०००००।- लाख रकमबाट देहायका योजनाहरुमा खर्च गर्ने निर्णय गरियो ।

| सि.नं. | योजना | वडा नं. | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | गणेशपुर हाटवजार | ति.न.पा-६ | १५ लाख | समितिमार्फत कार्यान्वयन हुने |
| २ | योगिकुटी हाटबजार | ति.न.पा-२ | २० लाख | |
| ३ | ड्राइभरटोल हाटबजार | ति.न.पा-१ | ८ लाख | |
| ४ | सेमरा हाटबजार | ति.न.पा-७ | ८ लाख | |
| ५ | भलवारी हाटबजार | ति.न.पा-७ | ८ लाख | |
| ६ | रेहरा हाटबजार | ति.न.पा-१४ | ८ लाख | |
| ७ | जनता मा.वि.९ नं. हाटबजार | ति.न.पा.-१२ | ४ लाख | |
| ८ | मणिग्राम हाटबजार स्तान्तरण | ति.न.पा.-५ | ४ लाख | |

निर्णय नं.-३

- ५नं. प्रदेश सरकारको पत्र संख्या ०७६/०७७, च.नं.२१००, मिति २०७६/१०/१२ गतेको पत्रानुसार आगामी फागुन २, ३ र ४ गते विभिन्न कार्यक्रमहरुको आयोजना गरी स्थापना दिवस (तेस्रो वर्ष मिति २०७६/११/०३ गते) को अवसरमा यस नगरपालिका सम्पूर्ण जनप्रतिनिधि, सासुदायिक तथा संस्थागत विद्यालयका प्र.अ.हरु, शिक्षकहरु, टोल विकास संस्था तथा क्लवका अध्यक्षहरु लगायत सम्पूर्ण कर्मचारी राष्ट्रिय पोसाकमा झाँकी (थारु संस्कृति झल्कने र सोरठी नाच) तथा पञ्चेबाजा सहित बुटवल राजमार्ग चौराहामा बिहान १०:०० बजे उपस्थित हुने निर्णय गरियो । साथै, देहायका सदस्यहरु रहेको समिति गठन गरी उक्त कार्यक्रमको सम्पूर्ण व्यवस्थापन गर्ने जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

संयोजक - कार्यपालिका सदस्य श्री एच.वि.रम्तेल
सदस्य - कार्यपालिका सदस्य श्री सुरेन्द्र श्री
सदस्य - कार्यपालिका सदस्य श्री गिता कुमारी सापकोटा
सदस्य - कार्यपालिका सदस्य श्री संगिता गुरुङ्ग

वासुदेव घिमिरे
नगर प्रमुख

सदस्य - कार्यपालिका सदस्य श्री गायत्री पाण्डे

सदस्य - कार्यपालिका सदस्य श्री राधा शाही

सदस्य - कार्यपालिका सदस्य श्री मिरा कुमारी वि.क.

सदस्य - कार्यपालिका सदस्य श्री लक्ष्मण नेपाली

निर्णय नं.-४

- टोल विकास संस्था संचालनका लागि उपलब्ध गराइने अनुदान खर्च कार्यविधि, २०७५" को दफा ३ को उपदफा ३.१ मा व्यवस्था भएको न्यूनतम अनुदान रकम रु.३० हजारको सट्टा २० हजार कायम गर्ने । टोल विकास संस्थामा समेटिएका घरधुरी, क्रियाशीलता तथा सिर्जनशीलताका आधारमा थप रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.-५

क) तिलोत्तमा नगरपालिकाको "सार्वजनिक निजी साझेदारी सम्बन्धी नियमावली, २०७६" माथि दफावार छलफल गरी सामान्य परिमार्जन सहित स्वीकृत गरियो ।

ख) सार्वजनिक निजी साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा १२ बमोजिम देहाय अनुसारको ३ सदस्यीय लेखाजोखा समिति गठन गर्ने निर्णय गरियो ।

***"सार्वजनिक निजी साझेदारी लेखाजोखा समिति"***

**संयोजक -** वित्त विज्ञ श्री लक्ष्मण ज्ञवाली

**सदस्य -** ई.श्री दुजेन्द्र बस्नेत

**सदस्य -** अधिवक्ता श्री भरत भुसाल

निर्णय नं.-६

- शून्य खुला पोलिथिन नगर एवम् पूर्ण सरसफाईयुक्त नगर घोषणा पश्चात् उक्त कार्यलाई थप सुधार सहित निरन्तरता दिन वडा कार्यालयसँगको प्रत्यक्ष सम्पर्क समन्वय र निर्देशनमा सबै टोल विकास संस्था मार्फत सम्पूर्ण नगरवासीहरुलाई परिचालन गरी प्रवर्द्धनात्मक, निरोधात्मक र दण्डात्मक उपायहरु सिर्जनशीलता सहित अवलम्बन गर्दै कार्यन्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.-७

- चालू वर्षको स्वीकृत कार्यक्रमबाट जनप्रतिनिधिहरुको क्षमता विकासका लागि देहाय बमोजिमका अभिमुखीकरण तथा तालिम कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

  क) स्थानीय सरकार संचालन ऐन, स्थानीय कानूनहरु तथा समसामयिक विषयक अभिमुखीकरण तालिम ।

  ख) आधारभूत कम्प्युटर तालिम ।

निर्णय नं.-८

- बालवालिकाहरुलाई संवैधानिक हक अधिकारको प्रत्याभुति गराई बालमैत्री शासनयुक्त नगरको रुपमा स्थापित हुने ध्येयकासाथ यस नगरपालिकाले बालमैत्री नगरपालिका घोषणाको

क्रममा आवश्यक पर्ने निर्देशिका **"बाल समूह गठन तथा सहजीकरण निर्देशिका, २०७६"** लाई सामान्य परिमार्जन सहित स्वीकृत गरियो ।

**निर्णय नं.-९**

- संघ, प्रदेश तथा तिलोत्तमा नगरपालिकाको हाल जारी भएका सहकारी सम्बन्धी ऐन तथा नियमावलीहरुमा भएका व्यवस्थाहरुले .सहकारी संस्थाहरुलाई एकिकरणमा जान प्रोत्साहन गरेको सन्दर्भमा तिलोत्तमा नगरपालिकामा सहकारी संस्थाहरुको एकिकरण सम्बन्धी कार्यविधि निर्माण भई नसकेकोले सहकारी संस्था एकिकरण सम्बन्धी संघीय कार्यविधि अनुरुप एकिकरणको मापदण्ड तथा प्रक्रिया पूरा गरेका तिलोत्तमा नगरपालिका अन्तरगत कार्यक्षेत्र भएका इच्छुक सहकारी संस्थाहरुलाई आवश्यक प्रक्रिया पुऱ्याई एकिकरण गर्ने निर्णय गरियो

**निर्णय नं.-१०**

- यस नगरपालिकामा १० जना नगर प्रहरीको अस्थायी/करार दरबन्दी रहेकोमा हाल ७ जना मात्र कार्यरत रहेको हुँदा बाँकी तपसिल बमोजिमका पदका लागि देहाय बमोजिम नगर प्रहरी पदपूर्ति गर्ने निर्णय गरियो ।

  **१) नगर प्रहरी सहायक निरीक्षक - १ जना**

  **२) नगर प्रहरी जवान - २ जना**

- पदपूर्तिको लागि "तिलोत्तमा नगरपालिका करारमा प्राविधिक एवम् श्रेणीविहिन कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६" बमोजिम समितिलाई जिम्मा दिने निर्णय गरियो।
- साथै, नगर प्रहरी पदमा दरखास्त दिने उम्मेदवारहरुको उमेरको हदमा भु.पु. सैनिक तथा प्रहरी सेवामा काम गरेको अनुभव भएमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने र अन्यको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको कायम गर्ने र अन्य योग्यता नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ मा उल्लेख भए बमोजिम हुने गरी गर्ने निर्णय गरियो ।

**निर्णय नं.-११**

- मिति २०७६/०९/१६ गते जग्गा उपयोगिता तथा विश्लेषण प्राविधिक समितिको निर्णयानुसार तिलोत्तमा नगरपालिकाको भू-उपयोग मापदण्ड, २०७६ को दफा ६ को उपदफा १५ मा उल्लिखित न्यूनतम मापदण्डको हकमा तपशील बमोजिम मात्र रहने गरी निर्णय गरियो ।

  "२०७४ साल साउन २६ गते अगावै खोलिएको सडकको चौडाई साविक अवस्थामा नेपाल सरकारको नाममा लगत कट्टी भएको वा नभएको अवस्थामा साविककै चौडाई कायम गरी (नभएको अवस्थामा नेपाल सरकारको नाममा कायम गर्ने गरी) कित्ताकाटको

लागि सिफारिस गर्न सकिने तर यस कार्यमा सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई प्राविधिक समितिमा सिफारिस पेश गर्नुपर्ने ।"

निर्णय नं.-१२

- शून्य पोलिथिन नगर एवम् पूर्ण सरसफाईयुक्त नगर घोषणा गर्नुपूर्व आवश्यक अनुगमन एवम् सो को प्रमाणिकरणका लागि जिल्ला स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिलाई यस नगरपालिकाबाट अनुरोध गरिसकिएको सन्दर्भमा उक्त समितिबाट छिटै यस नगरपालिकामा अनुगमनका लागि आउने भएकोले सबै वडाहरुमा सम्बन्धित वडाध्यक्षको अध्यक्षतामा वडा समितिका सदस्यहरु, टोल विकास संस्थाका अध्यक्षहरु, विद्यालयका प्रधानाध्यापकहरु, बैंक तथा वित्तिय संस्थाका प्रमुखहरु, आमा समूह लगायतका सामाजिक संघ संस्थाहरु तथा नागरिक समाजका व्यक्तित्वहरु मध्येबाट वडास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समिति २०७६/१०/२७ गते भित्र सबै वडामा गठन गरी सक्नुपर्ने ।
- उक्त समितिले आ-आफ्नो वडा भित्रका सबै टोल विकास संस्थाहरुमा समेटिएका सबै घरधुरीहरुमा सम्बन्धित घरधनीहरुले स्व-अनुगमन गरी नगरपालिकाबाट उपलब्ध गराइएको सूचकहरु पूरा गरी सो को दिगोपना कायम गर्ने तथा पूर्ण सरसफाई सम्बन्धी स्टिकर टाँस गर्ने ।
- समग्र टोलबासीहरुको सम्बन्धित टोल विकास संस्थाले अनुगमन गरी पूर्ण सरसफाईयुक्त टोल घोषणा गर्ने र वडालाई जानकारी दिने, वडाका टोलहरुको जानकारी प्राप्त भईसकेपछि सम्बन्धित वडास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिले अनुगमन गर्ने र वडालाई पूर्ण सरसफाईयुक्त वडा घोषणा गर्ने र नगरलाई जानकारी गराउने, (हाल शून्य पोलथिन अभियान संचालन हुँदा घोषणा भएका टोल/वडाहरुलाई सोही बमोजिम शून्य पोलिथिन तथा पूर्ण सरसफाईयुक्त वडा मानिनेछ।) वडाहरुको नगरमा जानकारी प्राप्त भईसकेपछि नगरस्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिले अनुगमन गरी नगरलाई पूर्ण सरसफाईयुक्त नगर घोषणा गर्ने र जिल्लास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिलाई जानकारी गराउने।
- जिल्लाबाट अनुगमन तथा प्रमाणिकरणको लागि खटिई आउनु हुने अनुगमन कर्ताहरुलाई सबैले आ-आफ्नो स्थानबाट सहजीकरण गर्ने/गराउने निर्णय गरियो ।

निर्णय नं.-१३

- तिलोत्तमा नगरपालिकाको आयोजनामा यहि मिति २०७६ माघ २६, २७ र २८ गते तिलोत्तमा नगर खेलकुद विकास समितिको संयोजन/व्यवस्थापनमा विद्यालय स्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता संचालन गर्ने, खेलकुद प्रतियोगिताको उद्घाटन समारोहमा सम्पूर्ण नगरसभाका सदस्यहरु उपस्थित हुने । साथै, उक्त कार्यक्रम संचालन गर्न आवश्यक पर्ने रकम चालु आ.व.को खेलकुद शीर्षकमा विनियोजित रकमबाट खर्च लेख्ने निर्णय गरियो ।

निर्णय नं.-१४

- भुवन गुरु फाउण्डेसन नेपालको मिति २०७६/१०/०५ गतेको पत्रानुसार विश्व आध्यात्मिक पर्यटन संचार केन्द्र स्थापना गर्ने प्रयोजनार्थ जग्गा माग भई आएकोमा तिलोत्तमा नगरपालिकको वडा नं. ८ को च.नं. १२१४ मिति २०७६/१०/१२ गतेको पत्रानुसार वडा समिति, टोल विकास संस्था, आमा समूह, मन्दिर विकास समिति र स्थानीयबासीको सामूहिक भेलाले निर्णय गरी विन्दवासिनी त्रिदेवी मन्दिरले व्यवस्थापन गरेको जग्गा र वडा नं. ११ को च.नं. १८४८ मिति २०७६/१०/२२ गतेको पत्रबाट वडा समितिको निर्णयानुसार महुबारी स्थित मऋहर ४ क कित्ता नं.७२ क्षेत्रफल १-०-० विघा जग्गा सिफारिस भई आएकोमा उक्त फाउण्डेसन निर्माणका लागि देहायका शर्तहरु सहित व्यवस्थापन गर्ने निर्णय गरियो ।
- वडा नं. ८ र ११ का वडा अध्यक्षहरुलाई उक्त केन्द्रको संरक्षकका रुपमा राख्नु पर्ने।
- निर्णय भएको मितिले ६ महिनाभित्रमा पेश गरिए बमोजिमका योजनाहरुको निर्माण कार्य सुरु गर्नु पर्ने ।
- सम्बन्धित संस्थामा जनशक्ति व्यवस्थापन गर्दा स्थानीयलाई प्राथमिकता दिनुपर्ने ।
- नगरपालिकासँग सम्बन्धित र स्थानीय सामाजिक संघ संस्थाहरुले आयोजना गर्ने कार्यक्रमहरु निर्वाध ढङ्गले उक्त केन्द्रमा संचालन गर्न दिनुपर्ने ।
- विन्दवासिनी त्रिदेवी मन्दिरको इतिहास रही रहने गरी उक्त कम्पाउण्ड भित्रको क्षेत्रलाई भव्य आकर्षक बनाई नियमित रुपमा श्रद्धालु पर्यटन आउने गरी व्यवस्थापन गर्नुपर्ने ।
- मन्दिरका मौजुदा संरचनाहरुलाई जिर्णोद्धार गरी व्यवस्थापन गर्नुपर्ने ।
- मन्दिरको संरचना नबनेको खाली जग्गामा फाउण्डेशनले प्रस्ताव गरे अनुसार उपयुक्त संचरना/पूर्वाधार उक्त फाउण्डेशनले निर्माण गर्ने ।

निर्णय नं.-१५

- तिलोत्तमा लगानी सम्मेलन-२०७६ मा समझदारी पत्रमा हस्ताक्षर गरीए अनुसार लगानी प्रवर्धन समितिमा निर्णय भई Smart AAC व्लक उद्योग स्थापना गर्न वडा नं.-१३ मा सिफारिस गरिएकोमा उक्त स्थानमा प्राविधिक समस्या भएको हुँदा उक्त उद्योगलाई वडा नं.-६ को मिति २०७६/१०/१९ गतेको वडा समितिको सिफारिस अनुसार वडा नं.-१३ र ६ को सिमाना देखि उत्तर दक्षिण तर्फ रहेको जग्गामा हाइटेन्सन लाइन भन्दा पूर्व साइटमा मुख्य संरचना बन्ने गरी क्षेत्रफल २-१०-० (दुई विगाह दश कट्ठा) जग्गा लिजमा उपलब्ध गराउने निर्णय गरियो ।